**यस अघि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई विदामा स्वदेश आएर श्रम स्वीकृति नवीकरण वा पुनः श्रम स्वीकृति माग गर्ने तरिकाः–**

## ***Step 1:Username / Password*** **प्राप्त गर्ने तरिका**

- ❖https://feims.dofe.gov.np खोल्नुहोस ।
- ❖Renew /Re-Entry Registration (old) मा Click गर्नुहोस ।
- ❖Passport Number box मा यस अघि श्रम स्वीकृतिपाएको आफ्नो Passport Number प्रविष्ट गर्नुहोस ।
- ❖यस अघि श्रम स्वीकृति पाएको भए नाम र Passport Number सहितको विवरण देखा पर्नेछ । तपाईको विवरण सही भएमा सो विवरणको देब्रेतर्फ रहेको Radio-Button मा Click गर्नुहोस । E-mail Address लेखिएको Box मा आफ्नो सही E-mail Address प्रविष्ट गरी Create User मा Click गर्नुहोस । तपाईले प्रविष्ट गरेको E-mail Address मा बैदेशिक रोजगार विभागबाट स्वचालित रुपमा Username र Password प्राप्त हुनेछ । यसरी प्राप्त भएको Username र Password प्रयोग गरेर feims.dofe.gov.np मार्फत Internet सुविधा भएको जुनसुकै स्थानबाट श्रम स्वीकृतिको लागि आबेदन गर्न सकिनेछ ।
- ❖तपाईलाई बैदेशिक रोजगार विभागले उपलब्ध गराएको Username र Password सुरक्षित र गोप्य राख्नुहोला ।

## Step -2: श्रम स्वीकृतिका लागि कामदारको बिबरण अद्यावधिक गर्ने तरिकाः–

### क) व्यक्तिगत बिवरण प्रविष्ट/अद्यावधिक गर्नेः

- https://feims.dofe.gov.np खोल्नुहोस ।
- Step-1 अनुसार तपाइको E-mail मा प्राप्त भएको Username र Password प्रयोग गरी Signin Button मा Click गरेपछि तपाईको व्यक्तिगत विवरण सहितको Profile Page खुल्नेछ ।

- Profile Page मा रहेको तपाइको व्यक्तिगत विवरण अद्यावधिक गनुपर्ने भएमा Profile Menu मा Click गरेपछि देखापर्ने Edit Button मा Click गरेर आफ्नो सम्पूर्ण विवरण अद्यावधिक गर्न सक्नुहुनेछ ।

- Profile Page को* चिन्ह भएका Field हरु अनिवार्य रुपमा भर्नुपर्नेछ । यसअघि पुरानो Passport बाट श्रम स्वीकृति पाएको तर अहिले नयाँ Passport बाट श्रम स्वीकृति लिनुपर्ने भएमा New Passport info मा गएर नयाँ Passport Number को विवरण भरेर सो Passport को पेज नं. २,३ र ३१ को Scanned Copy अनिवार्य रुपमा Upload गरी Submit Button मा Click गरेर आफ्नो बिवरण Save गर्नुपर्नेछ ।

### *ख)श्रम स्वीकृति नवीकरण (Renew)/पुनः श्रम स्वीकृति (Re-Entry) लागि कामदारको कामको बिवरण (Work Details)प्रविष्ट गर्नेः–*

- Re-entry Menu को Individual Re-entry Sub Menu मा Click गरेपछि तपाईको यस अघिको Work Detail देखिनेछ ।श्रम स्वीकृति नवीकरण वा पुनःश्रम स्वीकृतिका लागि आवेदन गर्न आफ्नो Work Details राख्नका लागि Add New Button मा Click गर्नुहोस । आफ्नो कामसँग सम्बन्धित सम्पूर्ण विवरणहरु जस्तै : Company, Skill, Salary लगायतका विवरणहरु

शुद्धसँग भर्नुपर्नेछ । Required Document Button मा Click गरी तोकिएका कागजातको Scanned Copy Upload गर्नुहोला ।* चिन्ह लगाइएका Document को Scanned Copy अनिवार्य रुपमा Upload गर्नु पर्नेछ । यसरी सम्पूर्ण बिवरण प्रविष्ट गरेपछि Submit Button मा Click गरेपछि तपाईको Work Detail System मा Save हुनेछ । कामदारको Work Details Save भएपछि श्रम स्वीकृतिको लागि आवश्यक पर्ने बैदेशिक रोजगार (म्यादी) जीवन वीमा गरी कल्याणकारी कोषको रकम बैंक दाखिला गरेपछि श्रम स्वीकृतिको लागि सक्कल राहदानी र प्रवेशाज्ञा सहितका कागजात लिएर व्यक्ति स्वयं कार्यालयमा जानुपर्नेछ ।

### ***ग) वीमा गर्नुपर्ने :-***

वीमा समितिबाट वैदेशिक रोजगार (म्यादी) जीवन वीमा गर्न अनुमति प्राप्त कुनै वीमा कम्पनीमा गएर करार अवधि भन्दा छ महिना वा सो भन्दा बढी अवधिको बैदेशिक रोजगार (म्यादी) जीवन वीमा गर्नुपर्नेछ । वीमा भएपछि सो को बिवरण वीमा कम्पनीले Online बाट वैदेशिक रोजगार विभागको श्रम स्वीकृति प्रदान गर्ने कार्यालयमा पठाउनेछ ।

### ***घ) कल्याणकारी कोषको रकम जम्मा गर्नुपर्नेः-***

वैदैशिक रोजगार प्रबद्धन वोर्डबाट वैदेशिक रोजगार कल्याणकारी कोषको रकम जम्मा गर्न अनुमति पाएको कुनै बैंकमा गएर कल्याणकारी कोषको खातामा तोकिएको रकम जम्मा गर्नुपर्नेछ । बैंकले रकम जम्मा भएपछि सो को बिवरण बैकले Online बाट वैदेशिक रोजगार विभागको श्रम स्वीकृति प्रदान गर्ने कार्यालयमा पठाउनेछ । यसरी व्यक्तिगत विवरण र कामको विवरण अद्यावधिक गरी वीमा र बैकमा रकम दाखिला गरिसकेपछि श्रम स्वीकृतिको लागि feims.dofe.gov.np मार्फत Request पठाउनुपर्नेछ ।

ङ) ***श्रम स्वीकृति नवीकरण/पुनः श्रम स्वीकृति लागि*** Online ***बाट*** Request ***पठाउने तरिकाः–***

feims.dofe.gov.np मा आफ्नो Username र Password प्रयोग गरी Login गरी Re-Entry Menu को Re-Entry Request मा Click गर्नुहोस । तपाईको आफ्नो नामको दाँयातर्फ रहेको Action Button मा Click गरी Request मा Click गरेपछि तपाईको आवेदन बिभागमा पेश हुनेछ । यस पछि श्रम स्वीकृतीको लागी राहदानी र प्रवेशाज्ञा सहितका आफ्नो सक्कल कागजात लिएर बैदेशिक रोजगार बिभाग काठमाडौं कार्यालय जानुहोला ।